# नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान
# Nepal Academy of Fine Arts

नक्साल, काठमाडौं, फोन नं. ४४११७२९/४४११६४५

## सूची दर्ता सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०७५/०३/२४

यस प्रज्ञा-प्रतिष्ठानको लागि आ.व. २०७५/७६ मा आवश्यक पर्ने तपसिल बमोजिमको सामान तथा सेवाहरु आपूर्ति गराउन इच्छुक इजाजत प्राप्त फर्म, संस्था वा कम्पनीहरुबाट सार्वजनिक खरिद नियमावली-२०६४ को नियम १८ को प्रयोजनको लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस प्रज्ञा-प्रतिष्ठानको कार्यालयमा रू.१०/- को टिकट टाँसी छुट्टछुट्टै कार्य तथा सेवाको लागि रितपूर्वकको आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै यो सूचना प्रतिष्ठानको वेवसाइट www.nafanepal.org मा पनि हेर्न सकिनेछ ।

**प्रतिष्ठानलाई आवश्यक कार्य तथा सेवाहरु :**

१. स्टेशनरी तथा कार्यालय सम्बन्धी सामानहरु आपूर्ति ।
२. फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सामानहरु आपूर्ति ।
३. कम्प्यूटर, प्रिण्टर, फोटोकपी, ल्यापटप, इन्भर्टर, यू.पि.एस, व्याट्री लगायतका इलेक्टोनिक्स सामानहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
४. सवारी साधनको पाटपूर्जाहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
५. सम्पूर्ण इलेक्ट्रिक सामानहरु आपूर्ति तथा विद्यूत लाइन मर्मत सम्बन्धी कार्य ।
६. प्लम्बिङ्ग सम्बन्धी सामानहरु आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
७. छपाई तथा डिजाइन सम्बन्धी कार्य ।
८. ताम्रपत्र, सम्मानपत्र, पदकसम्बन्धी कार्य
९. कम्प्युटर सफ्टवेयर निर्माण तथा आपूर्ति सम्बन्धी कार्य
१०. सुरक्षा गार्ड सम्बन्धी कार्य
११. क्याटरिङ्ग सेवा सम्बन्धी कार्य
१२. निर्माण सामग्री आपूर्ति, निर्माण तथा मर्मतसम्भार सम्बन्धी कार्य

**अन्य जानकारीहरु**

१. सूचीकृत हुन योग्य ठहरिएका फर्म तथा कम्पनीहरुलाई मात्र सूचीकृत गरिनेछ ।
२. सूचीकृत हुनको लागि सूची दर्ता गर्ने समयमा निम्न कागजातहरु पेश गर्नु पर्नेछ ।
   (अ) २०७५ असार मसान्तसम्म नविकरण भएको फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि
   (आ) स्थायी लेखा नम्बर वा मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
   (इ) आ.व. २०७३/०७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. सूचीकृत फर्म वा कम्पनीहरुको नामावली प्रतिष्ठानको सूचना पाटी तथा वेवसाइटमा राखिनेछ ।
४. सूचीकृत भएका कम्पनी तथा फर्महरुबाट गोप्य सिलबन्दीमार्फत कोटेशन माग गरी घटाघट प्रक्रियामा सबैभन्दा कम मूल्यमा सामान तथा सेवा आपूर्ति गर्ने कम्पनी तथा फर्मलाई सामान आपूर्तिको लागि सूचना दिइनेछ । तर उक्त कम्पनी तथा फर्मले सन्तोषजनक सेवा प्रदान नगरेको खण्डमा अर्को कम्पनी वा फर्मबाट सामान आपूर्ति गर्न सकिनेछ । सूचीकृत हुन योग्यता पुगेको वा नपुगेको सम्बन्धमा आवश्यक निर्णय लिने अधिकार यस प्रतिष्ठानमा नै निहित रहनेछ ।